# युनाईटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडको

## १६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

युनाईटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडको मिति २०८२/०९/०४ गते बेलुका ५:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको १६ औं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान, र समयमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१६ औं वार्षिक साधारण सभा हुने मिति, स्थान, र समय**

मिति : २०८२।०९।२७ गते आइतबार (January, 11, 2026)

स्थान : आभ्या क्लब,घारीपाटन-१७ पोखरा, कास्की ।

समय : ११:०० बजे ।

**१६ औं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**क) साधारण प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१।८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरि पारित गर्ने ।

३. आ.व. २०८२।८३ को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०८२ आषाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजिको ०.२६ प्रतिशत का दरले हुने **रु. ११,९८,१४२.४०। (अक्षरेपी एघार लाख अन्ठानब्ये हजार एक सय बयालिस रुपैया चालीस पैसा मात्र)** नगद लाभांस (कर प्रयोजनको लागि) वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

५. रिक्त सञ्चालक पदमा मनोनयन बारे ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०८२ आषाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजिको ५ प्रतिशत का दरले हुने रु. २,३०,४१,२००/- (अक्षरेपी दुई करोड तीस लाख एक्चालीस हजार दुई सय मात्र) बराबरको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

२. कम्पनीको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

३. बोनस शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध :**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचना :**

मिति २०८२।०९।१८ गते यस कम्पनीको दाखिला खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२।०९।१७ गते सम्म कारोवार भई प्रचलित कानून बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन सक्नेछन् ।

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य लिई आउनु पर्नेछ । संगठित संस्थावाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।

२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लेखित परिचय पत्र नम्बर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ ।

३) साधारण सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालय, पोखरा-१७ कास्कीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र संस्थाको केन्द्रिय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ ।

४) प्रतिनिधि नियुक्त गरिसक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी स्वत: बदर हुनेछ ।

५) नाबालक वा विक्षिप्त शेयरधनी ज्यूहरुका तर्फबाट संस्थाको शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

६) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिनको १०:०० बजे देखि खुल्ला रहनेछ ।

७) वार्षिक साधारणसभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय १७ पोखरा कास्कीमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ। थप जानकारीको लागि यस कम्पनीको Websitewww.idimardihydro.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**सञ्चालक समितिको आज्ञाले ।**

**कम्पनी सचिव**